'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १७७ शुक्रवार ०९ फागुन, २०८१ *21 (Friday) February 2025* पृष्ठ ४, मूल्य रु : १०।-

## तक्षशिला एकेडेमीको नवौं वार्षिक उत्सव सम्पन्न

# हातेमालो नगरी आधुनिक शिक्षालाई प्रभावकारी बनाउन नसकिने: नगर प्रमुख आचार्य

सरला सुवेदी

कोहलपुर, फागुन/०८

कोहलपुर-१०, बिद्यानगरमा अवस्थित तक्षशिला एकेडेमीको नवौं वार्षिक उत्सव आज भव्य रूपमा सम्पन्न भएको छ । कोहलपुर नगरपालिकाका नगरप्रमुख पूर्ण प्रसाद आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णु प्रसाद बेल्वासेले अध्यक्षता गर्नुभयो । कार्यक्रममा प्रमुख अतिथि आचार्यले तक्षशिला एकेडेमीले यस क्षेत्रमा शिक्षाको माध्यमबाट खेलेको भूमिकाको प्रशंसा गर्दै विद्यालयले गुणस्तरीय शिक्षाका साथै व्यवहारिक ज्ञान र सिर्जनशीलतालाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले प्रविधिसँग हातेमालो नगरी आधुनिक शिक्षालाई प्रभावकारी बनाउन नसकिने भन्दै प्रतिस्पर्धात्मक युगमा सिर्जनशील शिक्षा, नैतिक शिक्षा, आधुनिक प्रविधि र जीवन उपयोगी सीपहरूलाई समेट्नुपर्ने आवश्यकता औंल्याउनुभयो । बागेश्वरी बहुमुखी पब्लिक क्याम्पसका क्याम्पस प्रमुख दानबहादुर हमालले पनि



कोहलपुर क्षेत्रलाई शिक्षाको माध्यमबाट चिनाउने विद्यालयको प्रयासको सराहना गर्नुभयो । उहाँले परम्परागत शिक्षण सिकाइ भन्दा माथि उठेर प्रविधिमैत्री शिक्षण पद्धति अवलम्बन गर्नुपर्ने आवश्यकता औंल्याउँदै विद्यार्थीलाई आत्मनिर्भर बनाउन व्यवहारिक शिक्षालाई अझ सशक्त बनाउनुपर्नेमा जोड दिनुभयो । विद्यालयका संस्थापक एवम् शैक्षिक सल्लाहकार खोपिराम वलीले तक्षशिलालाई प्रविधिमैत्री बनाउने, नवीनतम शैक्षिक विधिहरू लागू गर्ने तथा विद्यार्थीहरूको बहुपक्षीय विकासलाई प्राथमिकता दिने योजना रहेको जानकारी गराउनुभयो । अध्यक्ष विष्णु प्रसाद बेल्वासेले विद्यालयको समग्र व्यवस्थापनमा कुनै कमी आउन नदिने प्रतिबद्धता व्यक्त गर्दै पढाइबाहेक व्यवहारिक, सिर्जनात्मक, खोजमूलक तथा प्रयोगात्मक शिक्षालाई विद्यालयले विशेष महत्व दिएको बताउनुभयो । विद्यालयका पूर्व विद्यार्थी एवं २०८० सालको एसईई परीक्षामा बाँके जिल्लामा उत्कृष्ट नतिजा ल्याउन सफल निलम खड्काले आफू तक्षशिला एकेडेमीकी विद्यार्थी हुन पाएकोमा गर्व लागेको बताउँदै अभिभावकहरूले यो विद्यालय रोजेको सही निर्णय भएको धारणा व्यक्त गर्नुभयो । विद्यालयले २०७३ सालमा स्थापना भएर २०७७ सालदेखि प्लस टु तह सञ्चालन गरिरहेको छ भने हाल होटल म्यानेजमेन्ट र कम्प्युटर साइन्स विषयको अध्ययन गराइरहेको छ । विद्यालयमा खेलकुदका लागि पर्याप्त मैदान, स्वीमिङ पुल तथा मनोरञ्जनयुक्त वातावरण रहेको र यसलाई स्तरीय पढाइ तथा पूर्वाधारका कारण कोहलपुरकै उत्कृष्ट शैक्षिक गन्तव्य बनाउने लक्ष्य रहेको अध्यक्ष बेल्वासेले बताउनुभयो ।

*बाँकी ४ पेजमा...*

## प्रथम नेशनल प्याब्सन कप

# गुराँस चाईल्डहुडले लियो उपाधि

नमस्ते समचारदाता

कोहलपुर, फागुन/०८

बाँकेको कोहलपुर नगरपालिका २ तेह्र विगाहमा प्रथम नेशनल प्याब्सन बाँकेको फूटबल कप-२०८१ (अण्डर १२) को उपाधि गुरास चाईल्डहुटले लिएको छ । समग्र विश्वव्यापी रुपमा चर्चा कमाएको फुटबल जगतमा कोहलपुरबाटै खेलाडी उत्पादन गर्ने लक्ष्यका सुरु भएको प्रथम नेशनल प्याब्सन बाँकेको फूटबल कप प्रतियोगितामा सम्शेरगञ्ज ईमी स्कुललाई गुरास चाईल्डहुटले ०-१ ले हराउँदै उपाधि लिएको हो । नेशनल प्याब्सन बाँकेका अध्यक्ष किशोरराज मल्ल, नेशनल प्याब्सन केन्द्रिय सदस्य श्याम कुंवर र फुटबल संघ बाँकेका कोषाध्यक्ष सानु तामाङ्गले संयुक्त रुपमा प्रथम हुनेलाई २५ हजार नगद, ट्रफि, मेडल र प्रमाण पत्र समेत हस्तान्तरण गरेका थिए । यस्तै प्रथम नेशनल प्याब्सन बाँकेको फूटबल कप प्रतियोगिताको उपविजेता सम्शेरगञ्ज ईमी स्कुल बनेको छ । उपविजेता बनेको सम्शेरगञ्ज ईमी स्कुलकाबालबालिकाहरुलाई प्रदेश अध्यक्ष कुवेर बस्नेत र प्रदेश सह-कोषाध्यक्ष कमल पछाईले उपविजेतालाई २० हजार नगद, ट्रफि, मेडल र प्रमाण पत्र हस्तान्तरण गरेका थिए । यस्तै प्रतियोगितामा पञ्चमुखी ईमी स्कुल सेमिफाइनल उपविजेता बनेको हो । सेमिफाइनल



उपविजेता बनेको पञ्चमुखी ईमी स्कुलका बालबालिकाहरुलाई नेशनल प्याब्सन बाँकेका प्रथम उपाध्यक्ष चिरिञ्जीवी चन्दले १० हजार नगद, ट्रफि, मेडल र प्रमाण पत्र हस्तान्तरण गरेका थिए । यस्तै वेष्ट प्लेयरमा पञ्चमूखी स्कुलका निशान्त सिंह, वेष्ट मिड फिल्डरमा शमशेरगंज ईमी स्कुलका निराजन बाठामगर, डिफेण्डरमा गुरासमा अध्ययनरत शिशिर सुनार, गोलकिप्परमा गौरब थपलिया, स्कोररमा बिहान सुनारले प्राप्त गरेका छन् भने उनीहरुले जनही १ हजार रुपैया नगद सहित सम्मान गरिएको थियो । यस्तै फेयर प्ले टिममा गौतम ईमी स्कुलले प्राप्त गरेको छ भने नगद ५ हजारले सम्मानित भएको थियो । यस्तै समापन कार्यक्रममा बोल्दै नेशनल प्याब्सन बाँकेका अध्यक्ष किशोरराज मल्ले ग्रासरुटबाट खेलाडी उत्पादनको केन्द्र बनाउँन पाउँदा आफू निकै खुसी भएको बताए । यो अण्डर १२ प्रतियोगिता आगामी दिनमा प्रदेश हुँदै केन्द्र सम्म सञ्चालन हुने विश्वास व्यक्त गरे । यस प्रतियोगिताले बालबालिकाको शारीरिक रुपमा स्वस्थ राख्न, मानसिक रुपमा मस्त राख्न, संवेगात्मक रुपमा सन्तुलित बनाई राख्न र सामुहिक सहयोगी भावनाको विकास एवम् निर्णय, नेतृत्व क्षमताको आत्मविश्वास जागृत गर्न टेवा पुग्ने उनको भनाई थियो । प्रतियोगितामा बाँकेको ३७ वटा विद्यालय सहभागि भएका थिए भने नेशनल प्याब्सन बाँकेका सचिव वेग प्रकाश चन्दले कार्यक्रम सञ्चालन गरेका थिए । समापन कार्यक्रममा नेशलन प्याब्सन बाँकेको जिल्ला उपाध्यक्ष गोविन्द रावत, नेशनल प्याब्सनका कोहलपुर नगर अध्यक्ष विष्णु केसी, बैजनाथ गाउँपालिकाका कमानसिंह थापा, राप्तीसोनारीका अध्यक्ष सागर दत्त गौतम, सल्लाहाकार झलक वली र सह-सचिव प्रकाश प्रकाश मल्ल लगायत पत्रकारहरुको उपस्थित भएको थियो भने राष्ट्रिय रेफ्रि अमृत केसीले खेल सञ्चालन गरेका थिए ।

## उपमेयर कप छात्रा क्रिकेट प्रतियोगिता

# दोस्रो दिन बालशिक्षा मावि, ज्ञानज्योति मावि र बागेश्वरी विजयी

नमस्ते समचारदाता

कोहलपुर, फागुन/०८

७ औं उपमेयर कप छात्रा क्रिकेट प्रतियोगिता-२०८१ को दोस्रो दिनको खेलमा बालशिक्षा मावि भरैया, ज्ञानज्योति मावि र बागेश्वरी स्कुल विजयी भएका छन् । बालशिक्षा मावि भरैयाले सेन्चुरी माविलाई, ज्ञानज्योति माविले जनता माविलाई र बागेश्वरी स्कुलले ग्रिन पिस माविलाई हराउँदै विजयी भएका हुन् । दोस्रो दिनको पहिलो खेलमा बालशिक्षा मावि भरैयाले सेन्चुरी माविलाई ११७ रनको फराकिलो अन्तरले हराउँदै जीत हासिल गरेको हो । टस जीतेर सेन्चुरी माविले पहिले फिल्डीङ रोजेको थियो । ब्याटिङको निम्तो पाएको बालशिक्षा माबि भरैयाले ४ विकेट गुमाउँदै १४३ रनको लक्ष्य सेन्चुरी




माविलाई दिएको थियो । बालशिक्षा माविले दिएको १४३ रनको लक्ष्य पछ्याउँदै सेन्चुरी माविले ७.३ ओभरमा २६ रन बनाउँदै अलआउट भएको हो । बालशिक्षा मावि भरैयाकी सम्झना पुनले ३ ओभर मा ९ रन गुमाउँदै ५ विकेट समेत लिन सफल हुनुभएको हो । उहाँ प्लेयर अफ द म्याच समेत बन्नुभएको छ । दोस्रो खेलमा ज्ञानज्योति माविले जनता माविलाई ३९ रनको अन्तरले हराएको हो । जनता माविले टस जीतेर पहिले ब्याटिङको निम्तो ज्ञानज्योति माविलाई दिएको थियो । ज्ञानज्योति माविले खेलको निर्धारित १५ ओभरमा ६ विकेट गुमाउँदै ९० रनको लक्ष्य दिएको थियो । उक्त लक्ष्य पछ्याएको जनता माविले ५१ रन बनाउँदै अलआउट भएको हो । ज्ञानज्योति माविकी सन्धा थापाले ३ ओभरमा ६ रन गुमाउँदै ४ विकेट लिनुभएको थियो । सो खेलमा उहाँ प्लेयर अफ द म्याच समेत बन्नुभएको छ । यस्तै तेस्रो खेलमा बागेश्वरी स्कुलले ग्रिन पिस माविलाई ८ विकेटले हराएको हो । पहिले टस जीतेर ग्रिन पिस माविले ब्याटिङ रोजेको थियो । बागेश्वरी माविलाई बलिङ निम्तो दिएको ग्रिन पिस माविले खेलको निर्धारित १५ ओभरमा ८ विकेट गुमाउँदै बागेश्वरी माविलाई ६६ रनको लक्ष्य दिएको थियो । ग्रिन पिस माविले दिएको लक्ष्य पछ्याउँदै बागेश्वरी माविले ९.१ ओभरमा २ विकेट गुमाउँदै ६७ रनको लक्ष्य सहजै प्राप्त गरेको हो । बागेश्वरीलाई जीत दिलाउन रेखा गुरुङले ४ विकेट लिनुभएको थियो । उहाँले प्लेयर अफ द म्याच समेत प्राप्त गर्नुभएको छ । यसको साथै सेन्चुरी मावि, जनता मावि र ग्रिन पिस मावि नकआउट भएका छन् ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## बलियो कूटनीतिक पहल

भारतको ओडिसा राज्यस्थित कलिङ्गा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (किट) विश्वविद्यालयमा अध्ययनरत छात्रा प्रकृति लम्सालको मृत्युको घटना यतिखेर नेपाल र भारतभर चर्चामा छ। बिटेक तेस्रो वर्षमा अध्ययनरत लम्सालको आकस्मिक निधनको सत्यतथ्य छानबिनको माग गर्दै नेपाली विद्यार्थी शान्तिपूर्ण प्रदर्शनमा उत्रे । प्रदर्शनमा उत्रेका विद्यार्थीलाई चित्त बुझाएर आन्दोलन मत्थर बनाउने कोसिस गर्नुपर्नेमा विश्वविद्यालय प्रशासनले कुटपिट गर्दै होस्टेलबाट निकाल्न थालेपछि घटनाले थप उग्र रूप लियो । विश्वविद्यालयको ज्यादती सहन नसकेपछि घर फर्कन रेलवे स्टेसन तथा अन्य सार्वजनिक स्थानमा जम्मा भएका विद्यार्थीको भिडले अन्ततः नेपाल र भारतको कूटनीतिक वृत्तको समेत ध्यानाकर्षण गराउन बाध्य पार्‍यो। नेपाल सरकारको बलियो कूटनीतिक पहलकै कारण अहिले घटना करिब साम्य भएको छ। यद्यपि आत्महत्या भनिएका लम्सालको निधनको विषयमा सुरु भएको छानबिनको निष्कर्ष भने आइसकेको छैन। नेपाल र भारतबिच विद्यालय तहदेखि उच्च तहसम्मको शिक्षाको सन्दर्भमा विद्यार्थी आदानप्रदान हुन थालेको बर्सौं भइसकेको छ। पछिल्ला केही वर्षदेखि नेपाली विद्यार्थी त्यतातर्फ जाने क्रम ह्वात्तै बढेको थियो, यो क्रम अझै जारी छ। लम्सालको मृत्युको घटनाले भने उच्च शिक्षाका लागि भारतका विभिन्न शैक्षिक संस्थामा सन्तान पठाउने तयारी गरिरहेका अभिभावकलाई एक पटक सोच्न बाध्य बनाएको छ। एक भारतीय युवकको पटक पटकको धम्कीपूर्ण व्यवहार सहन नसकेर लम्सालले मृत्युको बाटो रोजेको भन्ने अपुष्ट विवरण सार्वजनिक भएका छन्। उक्त घटनाबारे विश्वविद्यालय प्रशासनमा पटक पटक लिखित तथा मौखिक उजुरी गराउँदा पनि सुनुवाइ नभएको गुनासो अन्य विद्यार्थीबाट सुनिएको छ। यो सत्य हो भने विद्यार्थीका गुनासो सुनुवाइ गर्ने मामिलामा विश्वविद्यालय प्रशासन चुकेकै हो भन्न थप प्रमाण आवश्यक पर्दैन । प्रशासनमा दर्ता गरिएको उजुरीलाई गम्भीरताका साथ लिइएको भए एउटा छात्राले अकालमै मृत्युवरण गर्नु पर्दैनथ्यो । शान्तिपूर्ण विरोध गरेकै आधारमा विद्यार्थीलाई होस्टेलबाटै कुटपिट गर्दै निकाल्नु र यसका लागि सार्वजनिक सूचना नै जारी गर्नु विश्वविद्यालयको अर्को अमानवीय व्यवहार हो। सम्बन्धित विश्वविद्यालयले निर्धारण गरेको नियम पालना गरी शुल्क तिरेर अध्ययन गर्न गएका विद्यार्थीलाई न्यूनतम मानवीय संवेदनासमेत नराखी यस्तो व्यवहार गर्नु निन्दनीय कार्य हो । यद्यपि विश्वविद्यालयले यस विषयमा क्षमायाचना गरेर विद्यार्थीलाई होस्टेल फर्काउन अपिल गरिसकेको छ भने विद्यार्थीका मागमा आफूहरू संवेदनशील रहेको र आइन्दा यस्तो व्यवहार नगर्ने प्रतिबद्धता जनाइसकेको छ। उक्त प्रतिबद्धता कार्यान्वयन कसरी हुन्छ भन्ने विषय चाहिँ महत्वपूर्ण छ। यो घटना तत्कालका लागि मत्थर भए पनि किट विश्वविद्यालयको घटनाबाट नेपाली विद्यार्थी पढाइरहेका भारतका अन्य विश्वविद्यालय र अन्य शैक्षिक संस्थालाई पनि गम्भीर भएर सोच्न बाध्य बनाएको छ। नेपाली विद्यार्थी भारतीय शैक्षिक संस्थामा अध्ययन गर्न आफ्नै पहलमा र नेपालमै खुलेका परामर्शदातृ संस्थाको समन्वयमा जाने गरेका छन्। यस्ता संस्थाले पनि परामर्श कर्मलाई विद्यार्थीले विश्वविद्यालयमा तिर्नुपर्ने शुल्क र आफूलाई आउने कमिसनमा मात्रै सीमित राख्ने गरेका छन् । अब उनीहरूले परामर्शको दायरा फराकिलो पार्नु पर्छ । विद्यार्थी जीवनमा आउने सानातिना समस्यासँग सकभर आफैँ जुध्ने र नसक्ने अवस्था आएमा अभिभावकसम्म खबर गर्नु पर्छ भन्ने सकारात्मक भावना विकास गराएर विद्यार्थीलाई पढ्न पठाउनु पर्छ । भारतमा पढ्न जाने विद्यार्थीका लागि मात्रै होइन, वैदेशिक अध्ययनमा जाने अन्य विद्यार्थीका लागि पनि यस्तै परामर्श दिनु पर्छ।

# सामाजिक प्लेटफर्मको नियमन

दिनेश लामा



सामाजिक मिडिया प्लेटफर्महरू दैनिक जीवनको अभिन्न अंग भएका छन् । राजनीतिक प्रवचनलाई आकार दिनदेखि सांस्कृतिक प्रवृत्तिहरूलाई प्रभाव पार्नसमेत यी प्लेटफर्महरूले उपयोग हुँदै आएको छ । सूचना सञ्चार गर्ने, जानकारी साझा गर्ने र विचारहरू बनाउने तरिकामा क्रान्तिकारी परिवर्तन गरेको छ। यद्यपि, अनलाइन गतिविधिमा अभूतपूर्व वृद्धिसँगै, सामग्री व्यवस्थापन र हानिकारक अभ्यासहरू नियमन गर्ने चुनौतीहरू पनि देखा परेका छन् । यसै सन्दर्भमा सरकारले गलत सूचना, साइबर बुलिङ र गोपनीयता उल्लंघन जस्ता चिन्ताहरूलाई सम्बोधन गर्ने उद्देश्यले सामाजिक मिडिया विधेयक पेस गरेको छ । सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न विधेयकको राखिएको प्रावधानबारे बहस भइरहेको छ । डिजिटल मिडियालाई व्यवस्थित गर्न खोजेको सरकारी धारणा छ। व्यवस्था ल्याउन खोजेको छ । यद्यपि, यसको प्रभावकारिताको बारेमा चर्को बहस सुरु गरेको छ । सामाजिक मिडिया विधेयकको निहितार्थलाई अझ राम्ररी बुझ्नको लागि, सूचना ओभरफ्लोको सिद्धान्तको लेन्समार्फत यसलाई आलोचनात्मक रूपमा जाँच्नु महत्वपूर्ण छ । सूचनाहरू सर्वव्यापी छ । सूचना अपरिहार्य र लाभदायक पनि छन् । सूचनाहरूको उचित प्रयोग, नियन्त्रण र लाभको सुनिश्चित गर्न जान्दैनौं । मुख्यतया इन्टरनेटको विश्वव्यापी पहुँचसँगै विचार र अभिव्यक्ति अधिकारको कारणले यी प्लेटफर्महरूलाई नियमन गर्न जटिल छ। बजार र नाफा संरक्षण नियमहरूको पालनालाई ध्यानमा राख्दै नियमन गर्न केही अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय प्रयासहरू प्रभावकारी भएका छन् । विधेयकले सूचनाको मात्रा र एल्गोरिदमिक हेरफेरको फराकिलो मुद्दाहरूलाई सम्बोधन गर्दैन । प्रयोगकर्ताहरूद्वारा अपलोड गरिएको सामग्रीलाई नियमन गर्ने जिम्मेवारी लिन प्लेटफर्महरूले नै लिन आवश्यक छ। यसले घृणायुक्त भाषण, गलत सूचना वा पोर्नोग्राफीजस्ता हानिकारक सामग्री हटाउन आदेश दिन्छ । थप रूपमा विधेयकले प्रयोगकर्ताहरूको व्यक्तिगत डेटाको सुरक्षा गर्न खोज्छ । जानकारीको कुनै पनि उल्लंघन वा दुरुपयोगको लागि प्लेटफर्महरूलाई जिम्मेवार बनाउँछ । विधेयकले सामाजिक सञ्जाल कम्पनीहरूले सरकारलाई नियमित रूपमा उपलब्ध गराइने रिपोर्टहरूसहित अवैध सामग्री रिपोर्टिङ र निगरानीको लागि प्रणालीहरू लागू गर्ने अपेक्षा गर्दछ। जसमा, मानहानि, साइबर बुलिङ वा गलत जानकारी फैलाउनेजस्ता गतिविधिहरूमा संलग्न व्यक्तिहरूले कानुनी नतिजाहरूको सामना गर्नुपर्ने हुन्छ । विधेयकले यी कार्यहरूको लागि आपराधिक जवाफदेहिता लागू गर्दछ । हानिकारक सामग्रीलाई नियमन गर्ने विधेयकको उद्देश्य भए तापनि यसले यसको व्यापक दायरा र अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने सम्भावनाको लागि आलोचनाको सामना गरेको छ। यसका प्रावधानहरूले सामाजिक सञ्जाल प्लेटफर्महरूमा सेन्सरसिपको बोझ राखेको देखिन्छ, सम्भावित रूपमा अतिनियमन गर्दछ । सामाजिक मिडिया विधेयकले गलत वा भ्रामक सामग्री हटाउन सामाजिक मिडिया कम्पनीहरूलाई जिम्मेवार ठहराएर गलत सूचना र हानिकारक सामग्रीको प्रसारलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ। हानिकारक सामग्रीमाथिको नियमन महत्वपूर्ण छ । सूचनाको हानिकारक ओभरफ्लोले विभिन्न समस्याहरू निम्त्याउन सक्छ । केवल गलत जानकारी हटाउँदा डाटा प्रयोगकर्ताहरूले नेभिगेट गर्नै पर्ने अत्यधिक बाढीलाई सम्बोधन गर्दैन । विधेयकले सेन्सरसिपमा पनि जोखिम बढाउँछ । विधेयकले आंशिक रूपमा समस्यालाई कम गर्ने अपेक्षा गर्न सकिन्छ । तर विधेयकले सूचना उपभोग व्यवस्थापनमा प्रयोगकर्ताको जिम्मेवारीलाई सम्बोधन गर्न असफल हुन्छ। मिडिया साक्षरता र आलोचनात्मक सोचलाई प्रवर्द्धन नगरी विधेयकले लक्षणलाई मात्र सम्बोधन गर्दछ । सामाजिक मिडिया विधेयक अनलाइन सामग्रीलाई नियमन गर्ने दिशामा एक कदम हो तर यसले सूचना ओभरलोडको ठूलो मुद्दालाई छुटाएको छ । यसबारे थप व्यापक दृष्टिकोण आवश्यक छ । नेपालमा सामाजिक सञ्जाल विधेयक, राम्रो नियोजित हुँदाहुँदै पनि सूचना ओभर लोड समस्याको पूर्ण जटिलतालाई सम्बोधन गर्न असफल भएको छ। यद्यपि हानिकारक सामग्री विनिमय गर्न र व्यक्तिगत डेटाको सुरक्षा गर्न यसको प्रयासहरू महत्वपूर्ण छन् । यसले सूचना प्रवाह र एल्गोरिदमिक हेरफेरको फराकिलो मुद्दाहरूलाई सम्बोधन गर्दैन । अझ प्रभावकारी रणनीतिका लागि बहुआयामिक दृष्टिकोण चाहिन्छ । सामग्री नियमन मात्र नभई प्रयोगकर्ताहरूले देखेका कुराहरूलाई आकार दिने एल्गोरिदमहरूमा सुधार, मिडिया साक्षरता सुधार गर्न र प्रयोगकर्ताहरूलाई डिजिटल खपत व्यवस्थापनमा मद्दत गर्ने व्यवस्था हुनुपर्छ । सामाजिक मिडिया प्लेटफर्महरूको नियमनका सन्दर्भमा एक स्पष्ट दृष्टिकोण आवश्यक छ । जसले दुई अन्तर्क्रियात्मक र प्रायः भ्रामक पक्षहरूलाई सम्बोधन गर्दछ । सञ्चालकहरूले आफ्नो जवाफदेहितालाई जोड दिँदै उत्पादन गरेको सामग्रीको लागि जिम्मेवारी वहन गर्नुपर्छ। साथसाथै, प्लेटफर्महरूले प्रयोगकर्ता रिपोर्टिङ संयन्त्र र सक्रिय निगरानी गर्नु पर्छ । सामाजिक मिडिया प्लेटफर्महरूमा दर्ता प्रक्रिया हुनुपर्दछ । कानुनको पालन, कर, जवाफदेहिता र पारदर्शिता रहनु पर्छ । दर्ताले आवश्यक पर्दा सञ्चारको लागि सम्पर्क बिन्दु पनि दिन्छ । आफ्नो अधिकार क्षेत्रको कानुनी ढाँचाभित्र काम गरेको सुनिश्चित हुनुपर्छ । यसलाई व्यावहारिक र स्वीकार्य बनाउनु पर्छ । सोसल मिडिया सञ्चालन र प्रक्रियाहरूमा पारदर्शी हुनुपर्छ । विशेषगरी सामग्री हटाउने सन्दर्भमा स्पष्ट हुनुपर्छ । प्लेटफर्ममा विज्ञापनको प्रकृति र उत्पत्तिको बारेमा प्रयोगकर्ताहरूको जागरुकता हुनुपर्छ । सञ्चालकहरूमा विज्ञापन अभ्यासहरूमा पारदर्शिता पनि हुनुपर्छ । विज्ञापन बढ्दा सामाजिक सञ्जाल प्लेटफर्महरूमा कर लगाउनु आवश्यक छ । सरकारले सामाजिक सञ्जाललाई नियमन गर्ने प्रयास गरेको छ। यसमा नीति निर्माताहरूले सामग्री र प्लेटफर्म नियमनबीचको रेखालाई स्पष्ट रूपमा विभाजित नगरेको देखाउँछ । प्रावधानहरू अव्यवस्थित र प्रतिबन्धित देखिन्छन् र स्थापित अन्तर्राष्ट्रिय मापदण्डहरू पालन गर्दैनन् । सामाजिक सञ्जालको सानो बजार भएका नेपालजस्ता देशमा उचित नियमावलीको मस्यौदा तयार गर्ने प्रमाण, तथ्यांक, विशेषज्ञता र प्रविधिको अभाव छ ।

*-अन्नपूर्ण*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

# तक्षशिला एकेडेमीको नवौं वार्षिक उत्सवका केही फोटोफिचर

























# शत प्रतिशतलाई एचपिभी खोप

■ नमस्ते समचारदाता
कालीकोट, फागुन/०८



जिल्लामा पहिलो पटक किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप लगाइएको छ। स्वास्थ्य कार्यालय कालीकोटको आयोजनामा जिल्लाका विभिन्न विद्यालयमा लक्षित समुहका शतप्रतिशत बालिका र किशोरीलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपिभी खोप लगाइएको छ। स्वास्थ्य कार्यालयका सुचना अधिकारी कटक वहादुर महतले कालीकोटमा माघ २२ गते वाट सुरु गरिएको एचपिभी खोप अभियान अन्तर्गत नौ हजार दुई सय ३८ बालिका तथा किशोरीहरुलाई खोप लगाउने लक्ष्य निर्धारण गरिएकोमा आठ हजार आठ सय १४ बालिका तथा किशोरीहरुलाई अर्थात ९८.५३ प्रतिशतलाई खोप लगाइएको जानकारी दिनुभयो। उहाँले सबैभन्दा बढी जिल्लाको सदरमुकाम समेत रहेको खाँडाचक्र नगरपालिकामा लक्ष्यभन्दा १००.८१ प्रतिशत बालिका तथा किशोरीहरुलाई एचपिभी खोप लगाइएको बताउनुभयो। खाँडाचक्रमा एक हजार एक सय १५ जनालाई खोप लगाउने लक्ष्य रहेकोमा एक हजार एक सय २४ जनालाई खोप लगाइएको छ। विकासका हिसाबले पछाडि परेको भनिएको जिल्लाको पलाता गाउँपालिकामा एचपिभि खोप १००.०९ प्रतिशत बालिकाले लगाएका जिल्ला स्वास्थ्य कार्यालय कालीकोटका निमित्त प्रमुख डा. भिष्म प्रसाद पोखरेले जानकारी दिनु भयो। उहाँका अनुसार पलातामा एक हजार एक सय ४४ जनालाई खोप लगाउने लक्ष्य रहेकोमा एक हजार एक सय ४५जनाले खोप लगाएका छन्। पचालझरना गाउँपालिका, रास्कोट नगरपालिका, सान्नित्रिवेणी गाउँपालिका र महावै गाउँपालिकामा १०० प्रतिशत बालिका तथा किशोरीहरुले खोप लगाएको स्वास्थ्य कार्यालय कालीकोटले जनाएको छ। त्यसै गरी नरहरिनाथ गाउँपालिकामा ९८ प्रतिशत, तिलागुफा नगर पालिकामा ९६ प्रतिशत र शुभकालिका गाउँपालिमा ९१.७७ प्रतिशत बालिकाले खोप लगाएका छन्। जिल्ला खोप ब्यवस्थापन समन्वय समितिका सचिव डा. भिष्म प्रसाद पोखरेलले जिल्लाका नौ हजार दुई सय ३८ बालिका तथा किशोरीलाई खोप लगाउने लक्ष्य निर्धारण गरि माघ २२ गतेबाट सुरु गरिएको खोप अभियान लाई नौ पालिकालाई तिन चरणमा विभाजन गरेर खोप लगाउने कार्य गरिएको बताउनुभयो। फागुन ६ गतेसम्म सञ्चालन गरिएको सो अभियान अन्तर्गत जिल्लामा कक्षा ६ देखि १० सम्मका बालिका र विद्यालय बाहिरका १० देखि १४ वर्ष उमेर का बालिका तथा किशोरीहरुलाई उक्त खोप लगाईएको थियो। नेपाली महिलाहरूमा हुने विभिन्न क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो स्थानमा रहेको छ। केही मानिहरुमा अशिक्षा, अज्ञानता, रोग र भोग भन्ने शब्दको पर्यायवाची जस्तै बनको कालीकोट जिल्लामा पनि पाठेघरको मुखको क्यान्सर नियन्त्रण गर्नका लागि पहिलो पटक नै जिल्लामा लगाइएको एचपिभि खोपमा ९८.५३ प्रतिशत लक्ष्य हासिल गर्नु नै खोपमा उत्साहका साथ बालिका तथा किशोरीहरुको सहभागिता रहेको सरोकारवालाहरुको भनाइ छ।

## जाजरकोट भूकम्पः

# रुकुम पश्चिममा दुई हजारले अझै पाएनन् पहिलो किस्ता



■ नमस्ते समचारदाता
जाजरकोट, फागुन/०८

विसं २०८० कात्तिक १७ गते जाजरकोट केन्द्रविन्दु भएर गएको भूकम्पबाट रुकुम पश्चिममा प्रभावित सबैले अस्थायी आवासका लागि अझैसम्म पनि पहिलो किस्ता पाउन सकेका छैनन्। भूकम्प गएको १६ महिनासम्म पनि दुई हजार एक लाभग्राहीले पहिलो किस्ता बापतकै अनुदान रकम नपाएको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ। केही समय ढिला गरी लाभग्राहीले फाइल पेस गरेकाले यस्तो समस्या भएको सहायक प्रमुख जिल्ला अधिकारी विनोद रेग्मीले जानकारी दिनुभयो। उहाँका अनुसार दोस्रो किस्ताबापत निकासा भएपश्चात् बचत हुन आउने रकमलाई स्थानीय तहबाट सिफारिस भएबमोजिम लाभग्राहीलाई समानुपातिक रूपमा वितरण गर्ने र अपुग रकम प्राधिकरणसँग माग गर्ने निर्णय विपद् व्यवस्थापन समितिले गरेको छ। पहिलो किस्तासमेत प्राप्त गर्न नसकेका दुई हजार एक लाभग्राही सहित जिल्लामा कुल ३४ हजार ९९७ लाभग्राही कायम भएका छन्। जिल्लामा यसअघि ३२ हजार ९९६ लाभग्राहीलाई मात्र पहिलो किस्ता वितरण भएको थियो। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट विपद् पोर्टलमा इन्ट्री भएका जिल्लाका ३२ हजार ९९६ लाभग्राहीका लागि पहिलो र दोस्रो गरी दुवै किस्ता प्राप्त गरिसकेका छन्। त्यसमध्येमा जिल्ला विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोषमार्फत स्थानीय तहबाट ३१ हजार ८८१ लाभग्राहीलाई मात्र दोस्रो किस्ता वितरण भएको सहायक प्रमुख जिल्ला अधिकारी विनोद रेग्मीले जानकारी दिनुभयो। अन्य बाँकी सङ्घसंस्थाको सहयोगमा अस्थायी आवास निर्माण भएका थिए। जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठकले पछिल्लो पटक स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिबाट रितपूर्वक माग भई जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा माग हुन आएका १५ हजार ८८१ लाभग्राहीका लागि जिल्ला विपद् कोषबाट स्थानीय विपद् कोषमा निकासा भएको रु ३९ करोड ९७ लाख २५ हजार रकमलाई अनुमोदन गरेको उहाँले बताउनुभयो। यसअघि १६ हजार लाभग्राहीका लागि रु. २५ हजारका दरले रु. ४० करोड निकासा भई वितरण भई सकेको थियो। योसँगै जिल्लामा कायम भएका ३२ हजार ९९६ लाभग्राहीले अस्थायी आवासका लागि पहिलो र दोस्रो किस्ताबापतको रकम प्राप्त गरेका छन्।

# कर्णाली समृद्धि परियोजना अलपत्र

■ नमस्ते समचारदाता
सुर्खेत, फागुन/०८




कर्णाली प्रदेश सरकारका लोकप्रिय कार्यक्रम अन्योलमा छन्। अघिल्लो सरकारले ल्याएको लोकप्रिय कार्यक्रम कार्यान्वयनमा अन्योल छाएको हो। निवर्तमान मुख्यमन्त्री राजकुमार शर्माको पालामा ल्याइएको 'कर्णाली समृद्धि परियोजना' कार्यान्वयन हुन सकेको छैन। अहिले शर्मा सहभागी दल प्रतिपक्षमा छ। शर्माको दल माओवादी केन्द्रले अहिले कार्यक्रम कार्यान्वयन गर्न सरकारलाई दबाब दिइरहेको छ। गत माघ १३ गते माओवादीले कर्णाली प्रदेशसभा अवरुद्ध गरेको थियो। केही दिन संसद् चल्न सकेको थिएन। सरकारले वार्षिक १० हजारलाई रोजगारी दिने 'कर्णाली समृद्धि परियोजना' लागु नगरेको भन्दै प्रतिपक्षले माघ १३ गते बसेको प्रदेश सभा बैठक अवरुद्ध गरेको थियो। त्यसपछि प्रतिपक्ष र मुख्यमन्त्रीबिच पटक पटक छलफल हुँदा पनि कुरा नमिल्दा संसद् बन्धक बनेको थियो। दुई पटक सूचना टाँस गरेर बैठक स्थगित गर्नु पर्‍यो। माघ २५ गते मुख्यमन्त्री यामलाल कँडेलले उक्त कार्यक्रमबारे कानुन बनाउने प्रक्रिया अघि बढाउने प्रतिबद्धता जनाएसँगै सदन चलेको थियो। मौखिक सहमति भए पनि कानुन निर्माणको काम भने अघि बढ्न सकेको छैन। यसअघि पनि कानुन नबन्दा कार्यक्रम कार्यान्वयन हुन सकेको थिएन। निवर्तमान मुख्यमन्त्री राजकुमार शर्माले भन्नुभयो, "उक्त कार्यक्रम लागु गर्न पहिला कानुन बनाउने भनिएको थियो, कानुन निर्माण प्रक्रियालाई अगाडि बढाउने मौखिक सहमति भयो।" लिखित सहमति भने भएको छैन। मुख्यमन्त्री यामलाल कँडेलले प्रतिपक्षले उठाएको विषय सकारात्मक तरिकाले लिइएको उहाँले बताउनुभयो। शर्माकै कार्यकालमा कार्यक्रम कार्यान्वयनमा आउन सकेको थिएन। कार्यक्रमको स्पष्ट खाका नहुँदा तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक ऐन निर्माण नहुँदा कार्यक्रम कार्यान्वयनमा आउन नसकेको हो। शर्माले ल्याएको चर्चित योजना विफल बनेपछि सबै क्षेत्रबाट उहाँले आलोचनासमेत खेप्नु परेको थियो। उक्त परियोजनालाई अहिलेको सरकारले अघि बढाउने जनाएको छ। बेरोजगार जनशक्तिलाई व्यवसाय तथा रोजगारीमा आबद्ध गर्न कर्णाली समृद्धि परियोजनामार्फत श्रम तथा सिप नक्साङ्कनका आधारमा उद्यमशीलता विकास, रोजगार मेला र सिप विकास कार्यक्रम सञ्चालन गर्ने जनाइएको छ। प्रदेश सरकारले चालु आर्थिक वर्षबाट कार्यक्रम कार्यान्वयन गर्ने जनाए पनि कार्यान्वयनमा भने अन्योल देखिएको छ। अहिलेसम्म 'कर्णाली समृद्धि परियोजना' को खाका तयार हुन सकेको छैन। अघिल्लो वर्ष पनि कार्यक्रमको अवधारणा नबन्दा कार्यक्रम कार्यान्वयन हुन सकेको थिएन। 'कर्णाली समृद्धि परियोजना' उत्पादनमुखीभन्दा पनि वितरणमुखी हुँदा कार्यान्वयनमा आउन नसकेको जनाइएको छ। गत वर्षमा परियोजनाको कुनै काम हुन सकेको थिएन। चालु आवको नीति तथा कार्यक्रममा समेत उक्त कार्यक्रमलाई राखिएको छ। कार्यक्रमको ठोस लक्ष्य निर्धारण नहुँदा कार्यक्रम कार्यान्वयनमा दुबिधा देखिएको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ। यो वर्ष पनि कार्यक्रम कार्यान्वयनका लागि बजेट भए पनि कार्यक्रमको लक्ष्य निर्धारण हुन नसकेको मन्त्रालयका सचिव रविलाल शर्माले बताउनुभयो। सरकारका अन्य कार्यक्रमसँग परियोजनालाई जोडेर लैजान सकिने उहाँको भनाइ छ। निवर्तमान मुख्यमन्त्री शर्माको निकै महत्वाकाङ्क्षी योजनाका रूपमा हेरिएको सो कार्यक्रमका लागि गत आवमा एक अर्ब ५० करोड रुपियाँ विनियोजन गरिएको थियो। एक रुपियाँसमेत खर्च हुन सकेन।

## हातेमालो...

कार्यक्रममा विभिन्न समुदायका संस्कृति झल्काउने नृत्य, नाटक प्रस्तुत गरिएको थियो। साथै, विद्यार्थीहरुले बनाएको बिज्ञानकला सङ्गै हस्तकला र चित्रकला प्रस्तुत गरिएको थियो र विभिन्न विधामा उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कृत गरिएको थियो भने अतिरिक्त क्रियाकलापमा उत्कृष्ट प्रदर्शन गर्ने अभिभावकहरूलाई पनि सम्मान गरिएको थियो। समग्रमा, तक्षशिला एकेडेमीको वार्षिक उत्सवले गुणस्तरीय र व्यवहारिक शिक्षाका साथै जीवन उपयोगी सीपहरूमा जोड दिने सन्देश प्रवाह गरेको छ। कार्यक्रममा अतिथिहरूले आधुनिक शिक्षालाई प्रविधिमैत्री बनाउँदै विद्यार्थीहरूको समग्र विकासलाई प्राथमिकता दिनुपर्नेमा विशेष जोड दिएका थिए।




नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
; Dks{M *$&@^()# OdhMnamastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके